विषय : नेपाली

कक्षा : आठ

खण्ड : २

# बोध तथा रचना

**१.तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:**

हिजोआज मासु खान पनि डर लाग्छ, कतै गिद्धलाई समेत मार्ने विषादी त छैन भनेर । जे होस् विषादी मुक्त तरकारी खोज्ने हो भने कोइरालाको फूल, कलिला कटहर, निगालाका टुसा, निगुरो, सिप्लिकानका मुन्टा र यिनै काभ्राका मुना पनि बजारमा भेटिन्छन् । यसै गरी जिब्रे, बेथे, लट्टे, लुँडे, जरिङ्गो, ठोट्ने, हलहले, सिमसाग आदि काठमाडौँका साग बजारमा पाइने जिनिस हुन् । तर हिजोआज यस्ता वन्य कन्दमूल र सागपातको चलन घटिसकेको छ । गााउँघरतिर पनि तिनको प्रयोग घट्दो छ । फलस्वरूप तिनलाई पहिचान गर्ने पिँढी पनि भेटिन गाह्रो छ । खाद्यवस्तु लोप भएर  होइन, तिनलाई चिन्ने परम्परागत ज्ञान र पकाई खाने प्रविधि तथा सिप लोप भएर हामी आफ्नो खाद्यवस्तुको आधार गुमाउँदै छौँ । यो चिन्ता नेपालको मात्र होइन, जैविक विविधतामा धनी भनिएका सबै राष्ट्रको हो । जैविक विविधता महासन्धिले पनि यसतर्फ सबैको ध्यान आकर्षित गर्न खोजेको छ ।

**प्रश्नहरू :**

क) हिजोआज मासु खान किन डराउनु परेको हो ?

ख) मान्छेहरूले सागपात र कन्दमूल पहिचान गर्न नसक्नुको कारण के हो ?

ग) हामीले हाम्रो खाद्यवस्तुको आधार कसरी गुमाउँदै छौं ?

घ) काठमाडौंका साग बजारमा यदाकदा पाइने प्राकृतिक सागहरू के के हुन् ?

ङ) **'खाद्यवस्तु'** र **'विविधता'** शब्दको अर्थ लेख्नुहोस् ।

**२. दिइएका बुँदाहरूका आधारमा जीवनी तयार पारी उपयुक्त शीर्षक राख्नुहोस्:**

| | |
|---|---|
| **नाम:** | गुरुप्रसाद मैनाली |
| **जन्ममिति:** | वि. सं. १९५७ भाद्र २३ गते |
| **जन्मस्थान:** | धनकुटा |
| **पुर्ख्यौली थलो:** | कानपुर, काभ्रेपलान्चोक |
| **शिक्षा:** | घरमै अनौपचारिक शिक्षा |
| **संलग्नता:** | वि. सं. १९८३ देखि निजामती सेवाका विभिन्न कार्यालयमा जागिरे, न्याय विभाग अड्डामा काम गरेका, |

| | |
|---|---|
| **पहिलो कथा:** | नासो (वि. सं. १९९२ को शारदा मासिक पत्रिकामा प्रकाशित) |
| **कथासङ्ग्रह:** | नासो कथासङ्ग्रह (वि. सं. २०२० सालमा विभिन्न एघार ओटा कथा प्रकाशित) |
| **विशेषताहरू:** | सामाजिक विषयमा कथा लेखेर नेपाली कथा साहित्यमा आधुनिकता भित्र्याउने कथाकार |
| | **मृत्यु:** वि.सं. २०२८ काठमाडौँ । |

**३. कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :**

क) नेपाली हुनुको गौरव

ख) वातावरण प्रदूषण

ग) स्वस्थ शरीर: उच्च मनोबल

# व्याकरण खण्ड

**४. क) रेखाङ्कित शब्दको पदवर्ग छुट्उनुहोस्:**

हामी लगनशील विद्यार्थी हौँ त्यसैले समयमा गृहकार्य सम्पन्न गर्छौं ।

**ख) रेखाङ्कित शब्दको कारक छुट्उनुहोस्:**

आमाले लठ्ठीले रुखबाट आँप झार्नुभयो ।

**५. कोष्ठकको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

क) तिमी घरभित्रै बसेका छौ । (स्त्रीलिङ्ग)

ख) उनीहरू खुरुखुरु हिँड्दै छन् । (प्रथम पुरुष)

ग) सरसफाइमा ध्यान नदिए स्वस्थ भइँदैन । (करण)

घ) हामी नित्य व्यायाम गर्छौं । (कर्म वाच्य)

**विषय शिक्षक:** गिरिराज निरौला
**सम्पर्क नं.:** ९८०३४६६१८२
**इमेल:** **niroulagiriraj@gmail.com**